# संघीय संसद
# प्रतिनिधि सभा
**छैठौं अधिवेशन**

**बैठक संख्या - १०**

## दैनिक कार्यसूची
२०७७ जेठ १३ गते

**मंगलबार**

दिनको १:०० बजे

**आर्थिक सर्वेक्षण**

१. मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक वर्ष २०७६/०७७ को आर्थिक सर्वेक्षण" पेश गर्नुहुने ।

**प्रतिवेदन पेश**

२. कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्णकुमारी सुवेदीले "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन, २०७६/०७७" पेश गर्नुहुने ।

३. राज्यव्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशी श्रेष्ठले "राज्यव्यवस्था तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७७" पेश गर्नुहुने ।

**शोक प्रस्ताव**

४. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"प्रतिनिधि सभाको यो बैठक २०४८, २०५१ र २०५६ सालको प्रतिनिधि सभा निर्वाचनमा रुपन्देही जिल्ला क्षेत्र नं. १ बाट नेपाली काँग्रेसको तर्फबाट निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएका, सामाजिक क्षेत्रमा समेत क्रियाशील सरल, शान्त व्यक्तित्वको रुपमा परिचित नेता एवं पूर्व राज्यमन्त्री दुर्योधन सिंह चौधरीको ७० वर्षको उमेरमा मिति २०७७ साल जेठ ९ गते शुक्रबार बुटवलस्थित गौतमबुद्ध मुटु अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

डा. भरतराज गौतम<br>
संघीय संसदको महासचिव